नगर कार्यपालिकाको
बैठक संख्या: ५०, २०७९-२०८४
मिति २०८१/०९/०३ को
निर्णय प्रमाणित ..........

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ५०, २०७९-२०८४)

मितिः २०८१ पुष ३ गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. कोहलपुर नगरपालिकाको नगरसभाको चौधौं अधिवेशन आगामी पौष २६ गते बिहान ११:०० बजेदेखि सञ्चालन गर्ने एवं नगरसभाका लागि सबै शाखा/उपशाखा/वडा कार्यालयहरुले आवश्यक तयारी गर्ने ।

३. यस नगरपालिका अन्तर्गत चालु आ.ब. २०८१/०८२ मा देहाय बमोजिम बजेट बिनियोजन गरी बहुवर्षीय ठेक्काको रुपमा २०८३ असार मसान्तसम्म सम्पन्न गर्ने गरी अगाडी बढाउने ।

क) सितल वनबाटिका तथा जैविक पार्क निर्माण रु.५(पाँच) करोड

ख) कोहलपुर नगरपालिका वडा नं. २ स्थित तेह्र बिगाह फुटबल मैदानमा प्यारापिट निर्माण रु.७(सात) करोड

४. विगतका आ.ब. मा ठेक्का आव्हान भई सञ्चालनमा रहेकोमा कार्य प्रगतिका आधारमा अन्तिम पटकका ठेक्का नं. BANKE/KOMUN/W/NCB-19/2080/081 राम कुमारीको घरदेखि पबित्रा थारुको घर हुँदै राधेश्याम थारुको घरसम्म बाटो कालोपत्रे निर्माण योजनाको २०८१ पुष १५ गतेसम्म म्याद गर्ने। सो समयभित्र कार्य सम्पन्न नगरेमा प्रचलित कानून बमोजिम ठेक्का तोडी कारवाही प्रक्रिया अगाडी बढाउने।

५. कोहलपुर नगरपालिका वडा नं. ७ लखनादेखि जमूनी जोड्ने झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिले म्याद थपका लागि निवेदन पेश गरेकोमा उक्त झोलुङ्गे पुल निर्माण कार्यको २०८१ चैत्र मसान्तसम्म म्याद थप गर्ने ।

६. यस नगरपालिकामा 'घ' वर्ग निर्माण व्यवसाय ईजाजत पत्र पाउँ भनी निवेदन पेश गरी प्रक्रिया पुरा गरेका "गीहोन कन्स्ट्रक्सन प्रा.लि., कोहलपुर ११" लाई "घ" वर्गको निर्माण व्यवसाय ईजाजत प्रदान गर्ने ।

७. कोहलपुर नगरपालिका र नेपाल मिडिया टेक्नोलोजी प्रा.लि., कुपण्डोल, ललितपुर बीच मिति २०७९/०७/०२ गते (२०८२ असार सम्मका लागि) बिज्ञापन कर उठाउनका लागि सम्झौता भई कार्यान्वयनमा रहेकोमा दोश्रो पक्षले ठेक्का सम्झौता रद्द गरी पाउँ भनी मिति २०८१/०४/२४ मा यस कार्यालयमा निवेदन पेश गरेकोमा उक्त सेवा प्रदायकले सम्झौतामा उल्लेख भए बमोजिम ३(तीन)

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५०, २०७९-२०८४
मिति २०८१/०९/०३ को
निर्णय प्रमाणित ..........

महिना अगावै निवेदन समेत पेश गरेको देखिएको, सम्झौतामा उल्लेख भएको शर्त एवं प्रचलित कानून बमोजिम हुने गरी मिति २०८१/०७/०१ गतेदेखि लागु हुने गरी ठेक्का सम्झौता रद्द गर्ने ।

८. कोहलपुर नगरपालिका वडा नं. ६ निबासी श्री प्रकाश गौतमले कोहलपुर बसपार्क स्थित B को ५ नं. सटर बहालमा लिई पवित्रा एण्ड सर्जन फेन्सी तथा किराना स्टोर सञ्चालन गरिरहेकोमा १(एक) महिनाको बहाल वापतको रकम रु.१०,१५०।– मिति २०८१/०४/१३ गते दाखिला गर्दा भूलबश कोहलपुर नगरपालिकाको धरौटी खातामा जम्मा हुन गएकाले उक्त रकम फिर्ता गरीपाउँ भनी निवेदन पेश गरेकोमा नियमानुसार उक्त रकम निजलाई फिर्ता उपलब्ध गराउने ।

९. कोहलपुर नगरपालिका र बिल्ड अन नेपालको लागत साझेदारीमा विद्यालयको भौतिक पुर्वाधार विकास अन्तर्गत ३(तीन) कोठे पक्की भवन र २(दुई) कोठे प्लम्बिङ्ग सहितको पक्की शौचालय निर्माणका लागि आ.ब. २०८१/०८२ मा कोहलपुर नगरपालिकाको तर्फबाट रु.१०,००,०००।-(दस लाख) का दरले समपुरक कोषबाट रकम उपलब्ध गराउने ।

- श्री जन ज्योति आधारभूत विद्यालय, कोहलपुर ९ झण्डहवा, बाँके
- श्री ने.रा.प्रा.बि., कोहलपुर १४, ढोरपुर, बाँके ।

१०. कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, नगर अस्पतालको सहयोगमा र नेपाल रेडक्रस सोसाइटी कोहलपुर उप-शाखामा रक्तसंचार केन्द्र संचालनको क्रममा रहेकोमा हाल कोहलपुर नगर अस्पताल (१५ बेड) संचालनमा आएकोले विरामी एवं सेवाग्राहीलाई सर्बसुलभ रुपमा रगत उपलब्ध गराउन पायक पर्ने नेपाल रेडक्रस सोसाइटी कोहलपुर उप-शाखाको दोस्रो तलामा पूर्वाधार तयार गरी रक्तसंचार सेवा सुचारु गर्न दुई पक्षविच सम्झौता गरी नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहतमा रहेको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा रक्त संचार केन्द्र सञ्चालन अनुमतिका लागि अनुरोध गर्ने ।

११. कोहलपुर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा विद्युतीय हाजिरी उपकरण जडान वापत पर्फेक्ट एक्टिभ सोलुसन प्रा.लि.लाई भुक्तानी हुनुपर्ने रकम रु.७,२०,९४०।- गत आ.ब.को भुक्तानी दिन बाँकी दायित्वमा समेत छुट हुन गएको देखिएकाले उक्त रकम भैपरी आउने चालु वा अन्य मिल्दो शीर्षकबाट भुक्तानी दिने ।

१२. यातायात व्यवस्था कार्यालयमा दर्ता भई संचालन अनुमतिका लागि निवेदन दिएका ई रिक्साहरुलाई सूचिकृत गरी नियमानुसार संचालन अनुमति दिने र नेपालगञ्ज उपमहानगरपालिकाबाट यस नगरपालिका क्षेत्रभित्र ठाउँ सारी भईआएका, साविक गाउँ विकास समिति तथा कोहलपुर नगरपालिकामा दर्ता(सूचिकृत) भएका पुराना ई रिक्साहरुको सन्दर्भमा के कति संख्यामा ई रिक्सा



पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्याः ५०, २०७९-२०८४
मिति २०८१/०९/०३ को
निर्णय प्रमाणित ........

रहेका छन एकीन गर्न रिक्साको चेसिस नम्बर, आवश्यक उपकरण र कागजान रुजु गरी नविकरण गर्न ३५(पैतिस) दिने सूचना प्रकाशन गर्ने र तोकीएको समय सिमा भित्र नविकरण नभएका ई रिक्साहरुको लगत कट्टा गरी संचालन गर्न नदिने । यस नगरपालिकामा सूचिकृत भएका ई रिक्साहरु यातायात व्यवस्था कार्यालयबाट नामसारी भई आएमा मात्र नामसारी गरिदिने अन्यथा यस कार्यालयमा मात्र नामसारीका लागि ई रिक्सा धनीले निवेदन दिएमा त्यस्ता ई रिक्सालाई नामसारी नगर्ने ।

१३. कोहलपुर नगरपालिका वडा नं. ६ मा कृषकहरुलाई सिचांई प्रयोजनका लागि गत आ.ब.को सि.नं. २७४ शिक्षा, स्वास्थ्य, खेलकुद तथा कृषि शीर्षकबाट भुक्तानी हुने गरी कार्य सम्पन्न भएको समरसिबल पम्प जडान वापतको रकम बजेट अभावका कारण गत वर्ष भुक्तानी हुन नसकेको एवं भुक्तानी हुनुपर्ने दायित्वमा समेत छुट हुन गएकाले उक्त समरसिबल पम्प जडान कार्य वापत भूक्तानी दिन बाँकी दायित्व अनुसुची ३ को सि.नं. ९३ "स्रोत निकासा भएसम्म आंशिक भुक्तानी भई बाँकी रकम भुक्तानी हुन नसकेको एकिन हुन आएमा निर्णय बमोजिम भुक्तानी हुने गरी एकमुष्ठ" शीर्षकबाट रु.१,००,०००।– (एक लाख) भुक्तानी दिने ।

१४. कोहलपुर नगरपालिका वडा नं. ६ मा रहेको "खानेपानी तथा सरसफाई उपभोक्ता समिति, कोनपा ६" लाई खानेपानी पाइपलाईन २५०० मिटर विस्तार कार्यका लागि आ.ब. २०८१/०८२ को वार्षिक नीति बजेट तथा कार्यक्रम पुस्तिकाको खानेपानी पूर्वाधार साझेदारी शीर्षकबाट रु.१,५०,०००।– (एक लाख पचास हजार) उपलब्ध गराउने ।

१५. यस नगरपालिकामा जिल्ला स्थित केही कार्यालयबाट भौतिक संरचना निर्माण तथा मर्मत एवं कार्यालय व्यवस्थापनका लागि आर्थिक सहयोग माग गरी पत्र प्राप्त भएकोमा जिल्ला प्रहरी कार्यालय, नेपालगञ्ज, बाँकेको कार्यालय परिसरमा रहेका जुनियर प्रहरी अधिकृत तथा प्रहरी हवल्दार, प्रहरी जवान व्यारेकहरुमा रंगरोगन एवं कार्यालय व्यवस्थापनका लागि रु.३,६३,०००।– र नेपाल एपीएफ स्कुल, कोहलपुर, बाँकेलाई विद्यालय परिसरमा रहेको ब्यारेक भवन मर्मत तथा मेस निर्माण कार्यका लागि रु. ३,००,०००।– विभिन्न (सरकारी तथा गैरसरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट उपलब्ध गराउने।

१६. श्री राम जानकी मन्दिर संरक्षण तथा व्यवस्थापन समिति बाबाकुटी, नहरपुर्वा, नेपालगञ्ज २२, बाँकेको च.नं. ३ मिति २०८१/०६/१० को आर्थिक सहयोग सम्बन्धी पत्र प्राप्त भएकोमा धर्म कला संस्कृति संरक्षण कार्यक्रम खर्च शीर्षकबाट रु.७५,०००।– आर्थिक सहायता उपलब्ध गराउने।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५०, २०७९-२०८४
मिति २०८१/०९/०३ को
निर्णय प्रमाणित ...

१७. सिम्ताली एकता समाज, कोहलपुर ११, बाँकेले संस्कृति संरक्षण गर्ने उद्देश्यले मयुरनाँच कलाकारका लागि ड्रेस खरिद गर्न आर्थिक सहयोग माग गरेकोमा कलाकारहरुको ड्रेस खरिद गर्न धर्म कला संस्कृति संरक्षण कार्यक्रम शीर्षकबाट रु.१,००,०००।- आर्थिक सहायता उपलब्ध गराउने ।

१८. ओशो आनन्द ध्यान केन्द्र, कोहलपुर १०, बाँकेबाट ध्यान शिविर सञ्चालनमा आवश्यक साउण्ड सिस्टम जडानका लागि सहयोग माग सम्बन्धी पत्र प्राप्त भएकोमा धर्म कला संस्कृति संरक्षण कार्यक्रम शीर्षकबाट रु.५१,०००।- बराबरको साउण्ड सिस्टम सामाग्री खरिद गरी हस्तान्तरण गर्ने।

१९. कोहलपुर नगरपालिका वडा नं. ८ निवासी अशक्त टिकाराम दमाई भन्ने टिका दमाईलाई जिविकोपार्जनका लागि सहयोग हुने हेतुले रु.४२,०००।- (बयालिस हजार) मा नबढने गरी अन्य कार्यालय सञ्चालन खर्च शिर्षकबाट १(एक) थान अपाङ्गमैत्री इलेक्ट्रिकल सिटाईकटाई मेशिन खरिद गरी उपलब्ध/हस्तान्तरण गर्ने ।

२०. यस नगरपालिकामा आर्थिक सहायता माग भई प्राप्त निवेदन उपर छलफल हुँदा कोहलपुर नगरपालिका वडा नं १२ बस्ने लक्ष्मी तामाङ्लाई उपचारको लागि १२ नं. वडा कार्यालयको च.नं. १०८५ मिति २०८१/०८/२३ को पत्रबाट सिफारिस समेत भई आएकाले रु.२०,०००।(बिस हजार रुपैयाँ) आर्थिक सहायता उपलब्ध गराउने ।

२१. कोहलपुर नगरपालिका साबिक कोहलपुर स्वास्थ्य चौकी(हाल नगर अस्पताल)को स्वीकृत स्थायी दरबन्दीमा समायोजन हुनु भई कामकाज गर्नुभएका कर्मचारी श्री उषा सापकोटाले राजिनामा दिएकाले सि.अ.न.मि. (पाँचौ) दरबन्दी रिक्त रहेकोमा लुम्बिनी प्रदेश सरकार मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको मिति २०८१/०८/२७ को निर्णयानुसार यस नगरपालिका अन्तर्गत सरुवा भई आउनु भएका श्री तोप कुमारी आचार्य (क.सं.नं.२२१२३४) लाई उक्त रिक्त दरबन्दी/पदमा पदस्थापन गर्ने।

२२. कोहलपुर नगरपालिका वडा नं. ७ स्थित श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा कार्यरत नि.मा.बि. तहका गणित विषय शिक्षक श्री बद्री पौडेल श्री ज्ञानज्योति मा.बि., कोहलपुर १२, चप्परगौडीमा काज सरुवा भएकोमा निजलाई सोही काज सरुवा भएको विद्यालयमा पदस्थापन गर्ने र श्री ने.रा.आ.बि. कोहलपुर ७, लखनावारमा रहेको नि.मा.बि. राहत रिक्त दरबन्दीमा विद्यालयको आवश्यता अनुसार नि.मा.बि. राहत गणित विषयको शिक्षक व्यवस्थापन गर्नका लागि शिक्षा विकास तथा समन्वय इकाई, बाँकेमा लेखी पठाउने ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५०, २०७९-२०८४
मिति २०८१/०९/०३ को
निर्णय प्रमाणित ............

२३. कोहलपुर नगरपालिकाको आ.ब. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको सि.नं. ४३० शिक्षा विकास तथा तालिम अनुसन्धान केन्द्र मार्फत शिक्षक तालिम संचालन तथा व्यवस्थापन कार्यक्रम शीर्षकमा सि.नं. १११ क्याम्पस, पुस्तकालय, विद्यालय पूर्वाधार निर्माण तथा गुणस्तर अभिबृद्धि कार्यक्रम शीर्षकबाट रु.१०,००,०००।– (दश लाख) थप गरी श्री राम मा.बि., कोहलपुर १४, हवल्दारपुरमा सञ्चालन गर्ने ।

२४. आ.ब. २०८१/०८२ मा कोहलपुर नगरपालिकाको लागि सशर्त अनुदान तर्फ बिनियोजन गरिएको स्थानीय तहको लागत साझेदारी विद्यालय भवन निर्माण अनुदान शीर्षकबाट निर्माण गर्ने सिफारिस गरिएका विद्यालय भवन (४ कोठे पक्की भवन) मध्ये श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, कोहलपुर १२ खड्कवार र श्री कृष्ण माध्यमिक बिद्यालय, कोहलपुर १ कौशिलानगर मा तेस्रो तला थप गर्न ठेक्का प्रक्रिया अगाडी बढाउने ।

२५. कोहलपुर नगरपालिका वडा नं. ६ प्रगतिशिल आमा समुहले सडक बत्ति बिस्तार र मर्मतको लागि आर्थिक सहयोग माग गरेकोमा सि.नं. ११२ विद्युत संरचना निर्माण तथा विद्युत विकास सहकार्य शीर्षकबाट रु.१,५०,०००।– (एक लाख पचास हजार) उपलब्ध गराउने ।

२६. कोहलपुर नगरपालिकाको लागि बाल कल्याण अधिकारी अधिकृत छैठौं तह वा सो सरहको पद सृजना गरी) करारमा नियुक्तीका लागी प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने र सो सम्बन्धी कार्यबिधी स्वीकृत गर्ने ।

२७. यस नगरपालिकाको पन्ध्रौं नगरसभाको निर्णयानुसार नगर अस्पतालमा स्वीकृत फार्मेसी अधिकृत (अधिकृत ७/८ तह) मा करारमा पदपूर्तिका लागि कार्यालयलाई निर्देशन दिने ।

२८. कोहलपुर नगरपालिका वडा नं. ७ र ८ का लागि तयार भएको बलौटो माटो (नदीजन्य पदार्थ) संकलनका लागि प्रारम्भिक वातावरणीय परिक्षण IEE प्रतिवेदन बमोजिम आय ठेक्का व्यवस्थापन गर्ने।

२९. कोहलपुर नगरपालिका वडा नं. ११ एकतानगर हरिकला सुनारको घरदेखि नगरविकासको सिमानासम्म सडक कालोपत्रे योजनाको लागी तयार भएको लागत अनुमान बमोजिम ठेक्का आव्हान गर्ने र योजना कार्यान्वयनका लागि विनियोजित रकम नपुग भएमा उक्त नपुग रकम कोहलपुर नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने ।

३०. गत आ.ब. २०८०/०८१ को ७ नं. वडा समितिको मिति २०८०/०९/२३ को निर्णय बमोजिमको भलिबल खरिद तथा माघी महोत्सव कार्यक्रम वापत श्री क्रियाशिल युवा क्लब कोहलपुर ७,

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५०, २०७९-२०८४
मिति २०८१/०९/०३ को
निर्णय प्रमाणित ........

बाँकेलाई भुक्तानी हुन बाँकी रकम रु.१,००,०००।– भैपरी आउने चालु खर्च शीर्षकबाट भूक्तानी दिने।

३१. कोहलपुर नगर खेलकुद विकास समितिमा देहायका व्यक्तिहरुलाई नगर खेलकुद विकास समिति सदस्य पदमा मनोनित गर्ने ।

क) नगर खेलकुद विकास समिति सञ्चालन कार्यबिधी, २०७६ को ३(ख) बमोजिम
श्री निर्मल बिष्ट, कोहलपुर ९, बाँके ।
श्री बिनय गिरी, कोहलपुर ११, बाँके ।
श्री चन्द्र श्रेष्ठ, कोहलपुर १, बाँके ।

ख) नगर खेलकुद विकास समिति सञ्चालन कार्यबिधी, २०७६ को ३(ग) बमोजिम
श्री सृजना विश्वकर्मा, कोहलपुर ११, बाँके (महिला)
श्री सुमन डाँगी, कोहलपुर ११, बाँके ।

३२. यस आ.ब. २०८१/०८२ को वडातर्फको सिलिङ्बाट छनौट गरिएका देहायका योजनाहरुको संशोधनका लागि वडा समितिबाट निर्णय भै आएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

**वडा नं. १२ (वडा समितिबाट मिति २०८१/०८/१७ मा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | दाउन्ना डाँडामा आर.सि.सि. बाटो | दाउन्ना डाँडामा पि.पि.सि. बाटो निर्माण | ६९,००० | सि.नं. ३०८ |
| २ | दाउन्ना डाँडामा आर.सि.सि. बाटो | दाउन्ना डाँडामा पि.पि.सि. | ६,३१,००० | सि.नं. ३०९ |
| ३ | शान्ति टोल जाने बाटोमा पक्की बाटो निर्माण | शान्ति टोल जाने बाटोमा पि.पि.सि. बाटो निर्माण | ४,००,००० | सि.नं. ३१४ |

**वडा नं. २ (वडा समितिबाट मिति २०८१/०८/०७ मा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | भैपरी आउने तथा विविध खर्च मध्येबाट | श्री लक्ष्मी मा.बि. विद्यालयलाई शैक्षिक भ्रमण | १,००,००० | सि.नं. १३१ |
| २ | | मुक्तिनगर टोल विकास समितिलाई सडक बत्ति बिस्तार | ५०,००० | सि.नं. १३१ |

**वडा नं. १० (वडा समितिबाट निर्णय भएको)**



पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५०, २०७९-२०८४
मिति २०८१/०९/०३ को
निर्णय प्रमाणित ..............

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | हाई स्कुल दक्षिण कस्मिर ग्रिल उद्योगको बिचबाट गाईफार्म सम्म पक्की नाली निर्माण (सि.नं. २८०) | हाई स्कुल दक्षिण कस्मिर ग्रिल उद्योगको बिचबाट गाई फार्म सम्म बाटो स्तरोन्नती र ब्लक निर्माण | ३,००,००० | वडा समितिको मिति २०८१/०८/३० मा निर्णय भएको |
| २ | भैपरी आउने विविध खर्च (सि.नं.२६६) | ओशो आनन्द ध्यान केन्द्र, कोहलपुर, बाँके | १०,००० | वडा समितिको मिति २०८१/०९/०२ मा निर्णय भएको |
| ३ | | कोहलपुर वडा नं. १० का कर्मचारी तथा जनप्रतिनिधीहरुको सहभागितामा वनभोज कार्यक्रम | २५,००० | |

## वडा नं. १३ (वडा समितिबाट निर्णय भएको)

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | थारु गाउँ पिपलको बुटादेखि झुलुङ्गे पुलसम्म पक्की नाली निर्माण (सि.नं. २८०) | थारु गाउँ पिपलको बुटा देखि झुलुङ्गे पुल सम्म पक्की बाटो ढलान | २,२५,००० | वडा समितिको मिति २०८१/०८/२५ मा निर्णय भएको |
| २ | सिमरी विभिन्न टोलका बाटोहरुमा ग्राभेल रु.१,५०,०००।- (सि.नं.३३५) | वडा नं. १३ का विभिन्न स्थानको बाटोहरुमा ग्राभेल | ५,५०,००० | वडा समितिको मिति २०८१/०८/२५ मा निर्णय भएको |
| | तीन किलोमिटर देखि सुनिलको घरसम्म बाटो ग्राभेल रु.२,५०,०००।- सि.नं.३३१ | | | |
| | बैदि टोलमा थारु गाउँ चोकदेखि नयाँबस्ति सम्म ग्राभेल रु.१,५०,०००।- (सि.नं.३३३) | | | |
| ३ | आकस्मिक सेवा तथा विविध रु.१,९०,,०००।– (सि.नं.३१५) मध्येबाट | वडा नं. १३ को कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ९९,००० | वडा समितिको मिति २०८१/०८/०९ मा निर्णय भएको |
| ४ | ल्याण्ड फिल्ड साइड व्यवस्थापन (सि.नं. ५४६) | वडा नं. १३ भरैयाको झुलुङ्गे पुल मर्मत सम्भार | १,६०,००० | वडा समितिको मिति २०८१/०८/१७ मा निर्णय भएको |

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या:५०, २०७९-२०८४
मिति २०८१/०९/०३ को
निर्णय प्रमाणित .........

| वडा नं. १४ (वडा समितिबाट मिति २०८१/०८/२७ मा निर्णय भएको) | | | | |
|---|---|---|---|---|
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| १ | महिलाहरुलाई ब्युटी पार्लर तथा सिलाई कटाई तालिम रु.५,००,०००।- | महिलाहरुलाई ब्युटी पार्लर तालिम | २,००,००० | |
| | | महिलाहरुलाई सिलाई कटाई तालिम | ३,००,००० | |

| वडा नं. १ (वडा समितिबाट निर्णय भएको) | | | | |
|---|---|---|---|---|
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| १ | सूचना प्रकाशन सञ्चार खर्च भैपरी र विविध खर्च रु.२,०९,०००।– मध्येबाट (सि.नं. १२२) | अभिमुखिकरण कार्यक्रम | ५९,००० | वडा समितिको मिति २०८१/०७/०६ मा निर्णय भएको |
| | | लागु औषध नियन्त्रण तथा जनचेतना अभिबृद्धि कार्यक्रम | १,००,००० | वडा समितिको मिति २०८१/०८/२७ मा निर्णय भएको |
| २ | सूचना प्रकाशन सञ्चार खर्च भैपरी र विविध खर्च रु.१,७२,०००।– मध्येबाट (सि.नं. १२३) | अभिभावक शिक्षा कार्यक्रम | १,००,००० | वडा समितिको मिति २०८१/०८/२७ मा निर्णय भएको |
| ३ | श्री कृष्ण मा.बि. मा अध्ययनरत छात्रछात्राहरुका लागि हाउस वायरिङ, मोबाइल रिपेरिङ् र ब्युटिशियन तालिम (सि.नं. १२०) | श्री कृष्ण मा.बि. को कम्पाउण्डमा गेटहरु निर्माण | ४,५०,००० | वडा समितिको मिति २०८१/०८/२७ मा निर्णय भएको |
| ४ | महिला दलित आदिबादी जनजाती लक्षित सिलाईकटाई मुडा र गुडिया बनाउने तालिम | सिद्धार्थनगर तुलसी सापकोटाको घरदेखि पर्वले बि.क.को घरसम्म अधुरो नाली निर्माण | ३,००,००० (थप गर्ने) | वडा समितिको मिति २०८१/०८/२७ मा निर्णय भएको |

| वडा नं. ११ (वडा समितिबाट निर्णय भएको) | | | | |
|---|---|---|---|---|
| | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| १ | विविध तथा भैपरी आउने खर्चबाट (सि.नं. २८३) | श्री राम जानकी गौशाला संरक्षण संबर्द्धन समिति, कोहलपुर | ५१,००० | वडा समितिको मिति २०८१/०६/१५ मा निर्णय भएको |
| | | बागेश्वरी बहुमुखी | २,००,००० | |

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५०, २०७९-२०८४
मिति २०८१/०९/०३ को
निर्णय प्रमाणित ..........

| | | | | |
|---|---|---|---|---|
| २ | विविध तथा भैपरीं आउने खर्चबाट (सि.नं. २८३) | क्याम्पस नाला निर्माण | | वडा समितिको मिति २०८१/०९/०२ मा निर्णय भएको |
| | | भोला टोलको श्री दुर्गा मन्दिर फिनिसिङ्ग कार्य | ५०,००० | |
| | | शिव टोलमा सार्वजनिक शौचालय निर्माण कार्य | ५०,००० | |

३३. यस प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि पहल आयोजना सञ्चालनको लागि चालु आर्थिक वर्ष २०८१/०८२ को लागि यस रोजगार सेवा केन्द्र, कोहलपुरमा नेपाल सरकार र आइ.डि.ए बाट प्राप्त रकमबाट खर्च हुने गरी स्थानीय निर्देशक समितीबाट सिरफारिस भई आएका तपशिलका योजनाहरु स्वीकृत गर्ने ।

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु (आ.व. २०८१/०८२)

| क्र.सं. | वडा न. | आयोजनाको नाम | रोजगारीमा खटिने लाभग्राही संख्या(आई.डी.ए.) | बजेट स्रोत आइ.डी.ए. | बजेट स्रोत नेपाल सरकार |
|---|---|---|---|---|---|
| १ | १ | क लाइन डाँडा टोल -मुक्ति प्रसाद खत्रीको घरदेखि कृष्ण थापाको घरसम्म नाली सफाई | ७ | ११६,९००.०० | |
| २ | १ | फुलबारी टोल- अम्मर लामिछानेको घरदेखि चन्द्र बहादुर रेग्मीको घरसम्म नाली सफाई | | ११६,९००.०० | |
| ३ | १ | मुसिकोटे टोल दंगालिको घरदेखि वडा नं. २ कृष्णनगर जोड्ने बाटोमा नाली सफाई | | | ७२,०००.०० |
| ४ | २ | बिकास नगर बाहिरि रिंग रोडमा नाली सरसफाई कार्यक्रम तथा वडा न. २ का बिभिन्न टोल बस्तीका बाटो मर्मत सम्भार | ८ | २६७,२००.०० | |
| ५ | ३ | सडक मर्मत तथा नाली सरसफाई | | | १५०,०००.०० |
| ६ | ४ | कोहलपुर -४ मदनचोक देखि गोहवासम्म मेन बाटोको दुवै साईड पक्कि नाली तथा कच्ची नाली सरसफाई | | | १००,०००.०० |

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५०, २०७९-२०८४
मिति २०८१/०९/०३ को
निर्णय प्रमाणित ..........

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ४ | वेलनपुरको दुवै टोल र गफ्फारपुरको नाली सरसफाई कार्यक्रम | | | १००,०००.०० |
| ८ | ५ | ५ न. वडाका विभिन्न टोल बस्तीका बाटाका नाली खन्ने र सफाई गर्ने कार्य | | | १५०,०००.०० |
| ९ | ८ | वडा भित्र स-साना बाटो तथा नाली मर्मत सम्भार | ५ | १६७,०००.०० | |
| १० | ८ | वडा न. का बिभिन्न टोल बस्तीका बाटो मर्मत सम्भार | | | १००,०००.०० |
| ११ | १२ | प्रहरी बिट देखि निबुवा सम्म दुवै तर्फ नाली सफाई | १५ | १५१,०००.०० | |
| १२ | १२ | स्वामी दयालको घरदेखि थारु गाउँ सम्म र थारु गाउ देखि स्कूल चोक सम्म नाली सफाई | | १५०,०००.०० | |
| १३ | १२ | वडा न. १२ निबुवा टोल बुद्दिखेतमा बाटो तथा नाली मर्मत सम्भार | | २००,०००.०० | |
| १४ | १२ | स्वामी दयालको घरदेखि रामजानकी मन्दिर सम्म दुवै तर्फ नाली सफाई | | | १००,०००.०० |
| १५ | १३ | सिमरी भण्डारीको घर चोक देखि प्रेम शाहीको घर चोक सम्म दुबैतिर नाली सफाई | ५ | १६७,०००.०० | |
| १६ | १३ | भरैयाका विभिन्न सडकको नाली सरसफाई | | | १००,०००.०० |
| १७ | १५ | वडा नं.१५ को विभिन्न टोल बस्तिहरुको बाटोहरुको दायाँ बायाँ नाली सफाई तथा मर्मत सम्भार गर्ने | | | १५०,०००.०० |
| | | जम्मा | ४० | १,३३६,०००.०० | १,०२२,०००.०० |

३४. चालु आ.ब. २०८१/०८२ को वार्षिक निती, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. ३८९ नगर प्रमुखसँग विद्यार्थी अभिभावक कार्यक्रम कोहलपुर नगर स्तरीय युवा क्लब सञ्जाल मार्फत सञ्चालन र व्यवस्थापन गर्ने ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५०, २०७९-२०८४
मिति २०८१/०९/०३ को
निर्णय प्रमाणित ..................

३५. **SAFF Women's Championship 2024** फुटवल प्रतियोगितामा सहभागी भई नेपाललाई उपबिजेता बनाउन सफल कोहलपुर न.पा. १२ निवासी खेलाडी श्री पुजा रानालाई प्रोत्साहन स्वरुप खेलकुद प्रबर्द्धन शीर्षकबाट रु.५१,०००।-(एकाउन्न हजार) उपलब्ध गराउने ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख